# देवाही गोनाही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रेमपुर गोनाही,रौतहट
मधेश प्रदेश नेपाल


प.सं २०८२/०८३
च.नं.

मिति :- २०८२/०५/०४
ने.सं.११४५गुंलागा २ बुधबार

## सडक मर्मत सम्भार कामदार/समुह आवश्यकता सम्बन्धी सार्वजनिक सुचना

सुचना प्रकाशन मिति :२०८२/०५/०४

पुर्वाधार विकास कार्यालय रौतहट, गौरको च.नं.४९ मिति २०८२/०४/२० गतेको प्राप्त पत्रानुसार पुर्वाधार विकास कार्यालय रौतहट गौरले स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस नगरपालिकामा पर्ने हरनैया-मौलापुर-जयनगर-माधोपुर सडक रौतहट (PRNMP Code PH-MH-042) नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मत सम्भार समुह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मत सम्भार समुह गठन गर्न निम्न संख्यामा मर्मत सम्भार कामदारहरु आवश्यक भएको छ।

तपशिल :-

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| पुर्वमा दिपही चौक | पश्चिममा लाल बकैया नदी | २.९ कि.मी. | १ (एक) | |

सडक मर्मत समुहका सदस्यहरुले आधारभुत सफाई र सरसफाई कार्यहरु साथै सानातिना मर्मत कार्यहरु गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ। कार्य पुर्णकालिन (फुलटाईम) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मत सम्भार समुहलाई सम्पुर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागहरु राम्रो अवस्थामा छैनन भने मासिक भुक्तानीमा कटौती लागु गरिनेछ।

पुर्वाधार विकास कार्यालय रौतहट गौर मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत यस नगरपालिका अन्तर्गत पर्ने दिपही बजार -धरहरी-गोनाही बजार-पटेल चौक-नारायण चौक सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस आ.व.२०८२/०८३ को लागि १ एक जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको लागि यस देवाही गोनाही नगरपालिकालाई लेखि आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्गबाट दरखास्त आह्वान गरिन्छ। ईच्छुक व्यक्तिहरुले यस देवाही गोनाही नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थित भई आफनो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ। समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन।

२०८२/०५/०६
धनन्जय प्रसाद दास
प्रशासकीय अधिकृत



CamScanner

## १.दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्ड :

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारिरिक र मानसिक रुपमा स्वास्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको वासिन्दा हुनुपर्नेछ ।

## २.सामाजिक मापदण्ड

- मर्मत सम्भार कामदार वेरोजगार हुनुपर्नेछ अथवा आफनो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार नगरपालिकाको सबैभन्दा गरिब व्यक्तिबाट हुनुपर्नेछ ।
- महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ र महिला सहभागीतालाई प्रवर्द्धन गरिनेछ । छनौट गरिको मर्मत सम्भार कामदारहरु कम्तिमा ५० प्रतिशत महिला हुनुपर्नेछ । सम्भव भएसम्म सबै छनौट गरिका मर्मत सम्भार कामदारहरु महिला हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित,जनजाती, विपन्न वा पिछडिएका वर्गाबाट हुनुपर्नेछ ।

## ३.दरखास्त दिने अन्तिम मिति, समय र स्थान :

- आवेदनको अन्तिम मिति :-यो सुचना प्रकाशन भएको मितिले ७ दिनको म्याद रहेको ।
- समय :-कार्यालय समय भित्र
- सम्पर्क स्थान :-देवाही गोनाही नगरपालिका, नगरकार्यपालिकाको कार्यालय प्रेमपुर गोनाही रौतहट ।

२०८२।०५।०८

..............................

(धन्नजय प्रसाद दास)

प्रमुख प्रशासकीय अधिकृत

धनन्जय प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत



CamScanner